आज मिति २०७९ साल जेठ १० गते मंगलबारको दिनको १:३० बजे यस भोक्राहा नरसिंह गाउँपालिकाको अध्यक्ष अजमल अख्तर मियाँज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितिमा बसेको बैठकबाट निम्न बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | कार्यालय | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | अजमल अख्तर मियाँ | अध्यक्ष | भोक्रहा नरसिंह गाउँपालिका | ९८४२०८८३८७ | |
| २ | सुनितादेवी उराँव | उपाध्यक्ष | | ९८४२०८८२२८ | |
| ३ | लक्ष्मण मेहता | वडाध्यक्ष | — | 9817326135 | |
| ४ | आलम अंसारी | वडाध्यक्ष | | ९८०४३२००२४ | |
| ५ | धिरेन्द्रकुमार यादव | वडाध्यक्ष | वडा नं. ३ | ९८११०८५८६२ | |
| ६ | हारुण अंसारी | वडाध्यक्ष | | ९८१५३३२४११ | |
| ७ | हबिब मंसुरी | वडाध्यक्ष | वडा नं. ४ | ९८१४३८८८३२ | |
| ८ | शेराजुद्दिन अंसारी | वडाध्यक्ष | | ९८०४०२९६६८ | |
| ९ | बौवालाल यादव | वडाध्यक्ष | | 9817310630 | |
| १० | उसमान ~~अंसारी~~मिया | वडाध्यक्ष | | | |
| ११ | बाबुनन्दन मेहता | प्रप्रअ | | | |
| १२ | आशिष निखिल साह | इन्जिनियर | | | |
| १३ | संजय मेहता | लेखापाल | | | |
| १४ | रामचन्द्रप्रसाद यादव | योजना शाखा | | ९८४२०४११९२ | |

**निर्णयहरु**

१. बजेट माग सम्बन्धमा ।

निर्णय : यस भोक्राहा नरसिंह गाउँपालिका क्षेत्र भित्र देहाय बमोजिमको आयोजनाको काम गर्न अति आवश्यक भएकोले उल्लेखित कार्यको लागि बजेट ब्यबस्था हुन राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंलाई अनुरोध गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | अनुमानित लागत रु |
|---|---|---|
| १ | हरिपुर शाखाबाट भोक्राहा नरसिंह गाउँपालिका वडा नं १,२,३,६ हुँदै वडा नं ८ को उल्टीसम्म जोड्ने नहर स्तरोन्ती (Canal Lining समेत) | ३०००००००० |
| २ | भोक्रहा नरसिंह वडा नं ४ को चिरौली चोकदेखि प्रकाशपुर नहरसम्म नाला सहितको कालोपत्रे सडक निर्माण | ७४१६८७९९।७५ |
| ३ | हुलाकी मार्गबाट इसराइल कामत हुँदै भोक्राहा नरसिंह वडा नं ८ को लकडाउन चोक सम्म नाला सहितको कालोपत्रे सडक निर्माण | ५६९७०२१५।२६ |
| ४ | भोक्रहा नरसिंह वडा नं ६ महेन्द्र राजमार्गदेखि हालको गाँपा हुदै सुकसेना शाखा नहर हुदै रामतुलाको घर पूर्व कालोपत्रे जोड्ने बाटो निर्माण | ५६४३९२४८।०४ |

२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा । सुनसरीले आ.ब. ०७८/०७९ मा

**निर्णय :** यस गाउँपालिका स्थित श्री आधारभुत विद्यालय भोक्राहा नरसिंह - २, 
४ कोठे विद्यालय भवन निर्माणका लागि रु ३६,००,०००।- (छतीस लाख मात्र) प्राप्त गरेकोमा उक्त रकम मात्र माथि उल्लिखित भवन निर्माणका लागि अपुग देखिएको हुँदा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) प्राविधिकद्वारा तयार पारिएको लागत स्टिमेट अनुसार अपुग हुने रकम गाउँपालिकाले व्यहोर्ने ।

(ख) भवन निर्माणका लागि गाउँपालिकाले तत्कालै इ-विडिङ प्रक्रिया पुरा गरी सम्झौताका लागि विद्यालयलाई सिफारिस गर्ने ।

(ग) नेपाल सरकारबाट प्राप्त रकम रु ३६,००,०००।-(छतीस लाख मात्र) सम्बन्धित विद्यालयको खातामा पेस्की स्वरुप निकासा दिइ तत्काललाई खाता रोक्का राखी प्राविधिकद्वारा पेस गरिएको कार्य प्रगति प्रतिवेदनका आधारमा क्रमशः खाता फुकुवा गरिदिँदै जाने ।

घ) नेपाल सरकारबाट प्राप्त भएको बजेट कुनै पनि हालतमा फ्रिज हुने अवस्था सिर्जना हुन नदिने ।

३. सामुदायिक सिकाइ केन्द्र निवकरण सम्बन्धमा । सामुदायिक सिकाइ केन्द्रहरू आ.व. २०७८/०७९

**निर्णय :** यस गाउँपालिका अन्तर्तग सञ्चालित तपसिल बमोजिमा नवीकरण गर्ने ।
मा पनि निरन्तर सञ्चालनमा रहेको हुँदा शिक्षा शाखाको सिफारिश बमोजिम

<u>तपसिल</u>

१. शिवशक्ति सामुदायिक सिकाइ केन्द्र भोक्राहा नरसिंह गाउँपालिका - ६

२. सुनौलो बिहानी सामुदायिक सिकाइ केन्द्र भोक्राहा नरसिंह गाउँपालिका - ४

४. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा । प्रगतिको आधारमा पछिबाट ६६ जना बेरोजगारको

**निर्णय :** उक्त सम्बन्धमा छलफल गर्दा नेपाल सरकारबाट
लागि प्राप्त भएको ३७७२००० बाट देहाय बमोजिमको निर्माण कार्य गर्ने ।

| वडा नं | योजनाको नाम |
|---|---|
| १ | रामजानकी जाने बाटो<br>सामुदायिक वन भित्र पोखरी निर्माण<br>आर्यघाट जाने बाटो |
| ४ | चिरौली चोकदेखि उत्तर कालोपत्रे सडकको दुवै छेउमा पानी निकासाको लागि ढल बनाउने |
| ६ | लंकाटोल हुदै लालमोहर घरदेखि पूर्व हरिनारायण यादवको खेतसम्मको बाटोमा माटोपुर्ने र होमपाइप जडान<br>मन्टु हाजिको खेतदेखि पूर्व हफाज हाजिको खेतसम्मको बाटोमा माटो पुर्ने र होमपाइप जडान<br>राजमार्ग बाटो हुदै नसिर अंसारीको घरसम्मको बाटोमा माटो पुर्ने र होमपाइप जडान |

५. आकस्मिक तथा विपदजन्य घटना ब्यबवस्थापन सम्बन्धमा ।

**निर्णय :** आकस्मिक बिपदजन्य घटनाबाट भएको क्षती सम्बन्धी बिबरण (सार्वजनिक सम्पती जस्तै बाटो, पुल, भवन लगायत तथा निजी सम्पती जस्तै मानवीय क्षती, चौपाया क्षती, घर, गोठ, खेत, बारी नोक्सानी लगायत) को सम्बन्धमा त्यस्तो घटना घटेको ढीलोमा सात दिन भित्र सो सम्बन्धी बिबरण वडा समितिको निर्णय सहित गाउँपालिकामा पठाउने ।

आकस्मिक तथा बिपदजन्य घटनाबाट जनधनमा क्षती पुगेमा तत्काल राहत, उद्दार लगायतको काम गर्नु पर्ने अवस्थामा गाउँ कार्यपालिकाको स्विकृति अनुसार मात्र राहत, उद्दार, पुनरस्थापना सम्बन्धी काम गर्ने व्यवस्था मिलाउने ।

६. साझा सुविधा केन्द्र निर्माण सम्बन्धमा ।

**निर्णय :** नेपाल सरकारबाट बजेट प्राप्त भए बमोजिम भोक्राहा नरसिंह गाउँपालिका वडा नं ३ मा साझा सुविधा केन्द्र निर्माण गर्ने । उक्त केन्द्र निर्माणको लागि कृष्ण देव मेहता नामको व्यक्तिको जग्गा १५ बर्षसम्मको लागि निशुल्क रुपमा लिजमा लिने ।

७. वडा कार्यालयमा हेल्प डेस्क संचालन सम्बन्धमा ।

**निर्णय :** देहाय बमोजिमको वडामा हेल्प डेस्क संचालन गर्ने ।

| वडा नं | जिम्मेवार कर्मचारी | सम्पादन हुने काम (वडा कार्यालयको सेवाग्राहीको लागि मात्र) |
|---|---|---|
| १ | कविता मेहता | निशुल्क रुपमा सेवाग्राहीको फोटोकपी गर्ने |
| २ | रिंकु कुमारी यादव | निशुल्क रुपमा निवेदन लेख्ने |
| ७ | टिकादेवी पौडेल | निशुल्क रुपमा विभिन्न फारम भर्ने<br>इमेल इन्टरनेट कम्पयुटर टाइपिङ सम्बन्धी निशुल्क सेवा दिने<br>सेवा सम्बन्धी विभिन्न सूचना उपलब्ध गराउने लगायत |

प्रमाणित